केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैजरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०८१/०८/२
बैठक संख्या :- १

आज मिति २०८१/०४/०८ गतेका दिन यस केदारस्यूँ गाउँपालिका को अध्यक्ष श्री गणेश बहादुर बोहरा ज्यूको अध्यक्षतामा बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिलको बमोजिमको छलफल र निर्णय हरु पारित गरीयो ।

उपस्थिति

१- श्री :- गणेश बहादुर बोहरा - गा.पा. अध्यक्ष
२. श्री :- मनिषा धामी - " उपाध्यक्ष
३. श्री :- विर बहादुर भण्डारी - १ नं. वडाध्यक्ष
४. श्री :- बोर बहादुर बिष्ट - २ नं. "
५. श्री :- विर बहादुर खाती - ३ "
६. श्री :- कल्याण मल्ल - ४ "
७. श्री :- मोहन ठगुन्ना - ५ "
८ - श्री :- जय बहादुर धामी - ६ "
९ - श्री :- चन्द्र बहादुर धामी - ७ "
१० - श्री :- सुरेश बहादुर जोगरा - ८ "
११ - श्री :- नन्दलाल बोहरा - ९ "
१२. श्री :- तस्वीर वि.कु. - का.पा. सदस्य
१३. श्री :- कमला पापा - " "
१४. श्री :- रम्भु बोहरा - " "
१५ - श्री :- जुन देवी ओटेवा - " "
१६ - श्री :- चन्द्रकला देवी दमाई - " "
१७ - श्री :- निर्मला कमारी वि.कु. - " "
१८ - श्री :- धनराज जोशी - नि.प्र.प्र.अ

अन्य उपस्थिति

१९- श्री :- लक्ष्मी देवी जोशी - वडा सदस्य
२०. श्री :- लेखराज रावल - सु.नि.अ.

निर्णय नं. १

यस केदारस्यूँ गाउँपालिकाको आ.व. २०८०/०८१ मा जम्मा कुल आय ५५,२६,५४,५१६।- (पचपन्न करोड छब्बिस लाख चौपन्न हजार पाँच सय छत्तिस) र कुल खर्च ५०,२५,४९,६५६।- (पचास करोड पच्चीस लाख उन्नपचास हजार छसय सत्ताउन्न) भई करिब ९०.९३% खर्च भएको छ। कार्यपालिकाको जम्मा बैठक संख्या १६ रहेका छन। कुल बजेट खर्च र बैठकमा भएका निर्णयहरुको समीक्षा गरी विगतका अनुभव एक वार आगामी दिनहरुमा वस्तु तथा सेवा प्रवाहलाई थिप्रो छरितो, चुस्त, दुरुस्त तथा पारदर्शी

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिका

गर्ने प्रतिपक्षुधता साहित बुझे निर्णय गरियो ।

निर्णय नं०-२

यस गाउँपालिका मा कामरत करार कर्मचारीहरुको श्री. वि० ८०।०८१को वार्ष सम्पादन सुहमाङ्कनको आधारमा(सबै पदहरुको) श्री. वे. ०८१।०८२को लागि श्रावण देखि आश्विन मसान्त ३ महिनाका लागि करार सम्झौता गर्न गर्ने निर्णय गरियो ।

निर्णय नं०-३

यस केदारस्यूँ गाउँपालिकामा मिति २०८०।१२।१० गते देखि हाल सम्म प्रमुख प्रशासकिय अधिकृत पदमा कामकाज गर्दै आउनु भएका श्री पदमराज उपाध्याय लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंह दरबार काठमाडौं को मिति २०८१।३।२१ को च.नं.२५२६ को प्राप्त पत्रानुसार विष्णुपचिर गाउँपालिका बझाङमा कामकाज गर्न खटाईएकोले निजले प्रमुख प्रशासकिय अधिकृत पदमा रहि हाल सम्म गर्नु भएको कामको उच्च मुल्याङ्कन गर्दै स. धन्यवाद प्रशंशा पत्रसहित बिदाई गरी रमाना दिने निर्णय गरियो ।

निर्णय नं०-४

यस केदारस्यूँ गाउँपालिकाको कार्यालय देउरा बझाङ को स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारीमा रहि कामकाज गर्दै आउनु भएका श्री कैलास बहादुर बलायर (सि. अ. हे. वे. हेर्ने) लाई धन्यवाद सहित प्रशंशा पत्र प्रदान गरि उक्त शाखा प्रमुखको जिम्मेवारी नरहने गरी मिति २०८१।०४।६ गते देखि लागु हुने गरी स्वास्थ्य शाखा मा कामकाज गर्दै आउनु भएका श्री अम्मर राज सिंह (जनस्वास्थ्य निरिक्षक, अधिकृत छैठौं) लाई स्वास्थ्य शाखाको जिम्मेवारी दिने निर्णय गरीयो ।

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं.-५

केदारस्युँ गाउँपालिकाको हेभी ड्युटीमेशन व्यवस्थापन तथा संचालन कार्यविधि (पहिलो संशोधन) २०८१ लाई स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय - नं - ६

यस केदारस्युँ गाउँपालिकामा वडा नं. १ देखि वडा ९ सम्म को विभिन्न ठाउँमा हेभी ड्युटीमेशन व्यवस्थापन तथा संचालन, ग्रामिण सडक निर्माण कार्य तथा मर्मत सहित रेखदेख गर्न १ जना सुपरभाईजर आवश्यक भएकोले यस कार्यालयमा ज्यालादारीमा कामकाज गर्दै आउनु भएका कवि रावल लाई सुपरभाईजर पदमा करार सम्झौता गरी करार नियुक्ति दिई तुरुन्तैबाट काम कामका खराउने भन्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस केदारस्युँ गाउँपालिका वडा नं १ बस्ने ईश्वर भण्डारी लाई हल्का सवारीका साधन छाडि एम्बुलेन्स संचालन गर्न ड्राइभर नियुक्ति मिति २०८१।४।१ गते बाट लागू हुने गरी करार सम्झौता गर्ने भन्ने निर्णय गरियो ।

निर्णय नं० ८

यस केदारस्युँ गाउँपालिका अन्तरगत वडा नं ७ मा अवस्थित वडा नं ७ बस्ने देवजङ्ग बहादुर सिंहले मिति २०८१।४।२५ गतेका दिन मेरो ७० कोठे भएको घरमा रामल फा० स्वा० केन्द्र को कार्यालय बसेको २ देखि वर्ष भएकोले कानून बमोजिम घरभाडा वृद्धि गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश भएकोले मासिक ३५००० को १०% ले हुन आउने रकम रु ३५००।- रुपिया २०८१।४।१ गते बाट लागू हुने गरी वृद्धि गर्ने निर्णय पारीत गरियो ।

निर्णय नं० ९

यस केदारस्युँ गाउँपालिका वडा नं १ मा अवस्थित रामल फा० स्वा० केन्द्र ले बस्ने देवजङ्ग ब० सिंहको घरमा भाडामा लिई कार्यालयसंचालन भएको हुदा निज घर धनी ले मेरो घरमा को कार्यालय भाडा बसे २ वर्ष भई सकेको भाडा बढाई पाउँ भनि यस कार्यालय निवेदन पेश भएकोले २०८१।४।१ गते बाट निजको निवेदन बमोजिम कानून सम्मत मासिक पाउने घरभाडा १०% वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिकाको कार्यालय मा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका का अध्यक्ष बिचको कार्य सम्पादन तथा गाउँपालिका को कार्यालय को प्रमुख प्रशासकिय अधिकृत, सम्पूर्ण शाखामा कार्यरत शाखा प्रमुख वडा नं १ देखि ९ सम्मका वडा सचिव बिच करार सम्झौता गरी श्री आफ्नो फाँट शाखा मा तोकिएका सरकारको कानूनमा रही कामकाज सहितको जिम्मेवारी तोक्ने भन्ने निर्णय गरियो ।